छेडागाड नगरपालिका नगरसभा सञ्चालन कार्यविधि, २०७४ को दफा ३२ बमोजिम

बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक माननीय नगर उप प्रमुख श्री सरित वलीले

नगर सभामा प्रस्तुत गर्नु भएको विनियोजन विधेयक, २०७४ का

# सिद्धान्त तथा प्राथमिकता

**छेडागाड नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

कार्कीगाउँ जाजरकोट

६ नं प्रदेश नेपाल

असार, २०७४

सम्मानीय अध्यक्ष महोदय,

१. यस नगरपालिका बार्षिक बजेट यस गरिमामय सभामा प्रस्तुत गर्नु पूर्व बजेटको कार्यान्वयनशीलताको प्रत्याभूति दिन, कार्यन्वयनयोग्य तथा नतिजा उन्मुख बनाउन यस सभा सक्षम विनियोजन विद्येयक, २०७४ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्दछु ।

२. नेपालको संविधानले व्यवस्था गरेका नागरिकका राजनीतिक तथा नागरिक अधिकार, आर्थिक तथा सामाजिक अधिकार तथा संघियताको कार्यन्वयन पथमा अगाडी बढी नागरिकको व्यापक सहभागितामा यस नगरपालिकाका पदाधिकारीको आगमन पश्चात जनतामा नयाँ आकांक्षा भरोसा तथा आवश्यकताहरुको प्रस्फुटनको लागि उपयुक्त वातारण सिर्जना भएको तथा दिगो विकास लक्ष्य, नेपाललाइ सन २०२२ सम्म अल्प विकसित मुलुकबाट विकासशिल मुलुकमा स्तरोन्ति हुनुपर्ने, वाणिज्य तथा व्यापार एवं प्रशासन व्यवस्थापन क्षेत्रमा प्रार्दुभाव भएका नवीन मान्यतालाइ समेत आत्मसात गरी स्थानीय आवश्यकता, विशिष्टता र गन्तव्यलाइ संवोधन गरी समृद्ध, समुन्त, न्यायपूर्ण छेडागाड र आधुनिक छेडागाड तथा मानवीय मर्यादा सहित जीवन यापन गरिरहेका छेडागाडवासी बनाउन यो बजेट उन्मुख रहेका माननीय सदस्यहरुलाइ समक्ष जानकारी गराउँदछु ।

३. राज्य संरचना तथा संयन्त्रमा सवै नागरिकको सहभागिता भएको महसुस गराउन समावेशीकरण, विश्व समुदाय तथा अन्य तहसँग प्रतिस्पर्धा गर्न आर्थिक उदारीकरण मानवीय मर्यादा कायम गर्न गरिवी निवारण, राज्यको उदभव तथा उपस्थितिलाइ सार्थक बनाउन सामाजिक न्याय, वितरण न्याय समेतको सुनिश्चितता गर्न प्रथमत प्राकृतिक तथा अन्य सार्वजनिक स्रोतको दीगो तथा कुशल व्यवस्थापन, समानता र समता र प्रतिस्पर्धाको प्रबर्द्धन गर्न महिला सशक्तिकरण तथा लैगिक न्यायको विकास, वर्तमान भविष्यका पुस्ता वीच समन्याय कायम गर्न दीगो विकास र वातावरण संरक्षण जनजाती दलित तथा आर्थिक तथा सामाजिक रुपमा पिछडिएका विशिष्टिकृत वर्गको उत्थान तथा शक्ति, स्रोत र अवसरमा साझेदारी र वडाहरु वीचको क्षेत्रीय सन्तुलन एवं समन्यायको प्राप्तिमा बजेट केन्द्रित तथ्य सम्मानित सभा समक्ष राख्न चाहान्छु ।

सम्मानीय अध्यक्ष महोदय

४. यस नगरपालिकामा समावेश साविकका गाउँ विकास समितिहरु तथा हालका वडाहरु एवं समग्र नगरपालिकाको आन्तरिक स्रोतको परिचालन उत्साहप्रद हुन नसकेको अवस्थामा

नगरपालिकालाइ आर्थिक विकास, पूर्वाधार विकास तथा मानव विकास सूचाङकमा देखिने गरी सकरात्मक परिवर्तन गर्नु अवसर र चुनौती दुवैको देखापरेको छ ।

## बजेटका सिद्धान्त

### जनताको सार्वभौमिकता र समृद्धि, समुन्नति तथा आत्मनिर्भरता उन्मुखता

(क) प्रचलित कानूनको अधिनमा रही जनताको सार्वभौमिकताको व्यवहारिक अनुभूति दिलाउन नगरपालिका प्रत्येक कानून नीति र निर्णय निर्माणमा पदाधिकारीहरुको भूमिका रहनेछ । मानव विकास, आर्थिक तथा सामाजिक विकास र भौतिक पूर्वाधार विकास नगरपालिकाको घोषणासँग सुरु गरी नगरपालिकालाई समृद्ध समुन्नत र आत्मनिर्भर बनाउन यो बजेटको भूमिका रहनेछ ।

### कानुनी, नीतिगत र संस्थागत एव मानव संसाधनको आधार निर्माण

(ख) संघ तथा प्रदेशको कानुनसँग तादाम्यता कायम हुने गरी नगरपालिकालाइ आवश्यक पर्ने कानुन, नीति निर्माण, सवै वडा तथा नगरपालिकाको कार्यालय व्यवस्थापन लगायतका संस्थागत तथा जनशक्ति पूर्ति तथा क्षमता विकास गरी आधारभूत संरचना तयार गरिनेछ ।

### गरिवी न्युनीकरण तथा सामाजिक न्याय

(ग) नगरपालिकामा उत्पादन तथा उत्पादकत्व एवं आन्तरिक स्रोतको अपेक्षित परिचालनमा कुशलता तथा स्रोतको न्यायोचित वितरण, राज्यको मूल प्रवाहमा समाहित नहुन कठिनाइ भोगी रहेका वर्गलाइ लाइ विशेष समतामूलक नीति अवलम्वन गरिवी न्युनीकरण तथा सामाजिक न्यायको प्रवर्द्धन गर्ने बजेटको लक्ष्य रहेको छ ।

### भौतिक तथा सामाजिक पूर्वाधारको निर्माण तथा गुणस्तर प्रवर्द्धन

(घ) सडक, शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत र संचार लगायतका भौतिक निर्माणलाइ जोड दिँदै गुणस्तर कायम गरिनेछ ।

### सरकारी निकायको संस्थागत सवलीकरण तथा वडा कार्यालयको भूमिका वृद्धि तथा सुशासन प्रबर्द्धन तथा विद्युतीय शासन अवलम्वन

(ङ) नगरपालिकामा रहेका सरकारी निकायहरुलाइ पर्याप्त स्रोत साधन तथा सुविधा सम्पन्न भौतिक पूर्वाधार एवं मानव संशाधन र यथोचित भूमिका प्रदान गर सवल र उत्तरदायी बनाइनेछ । साथै शासकीय प्रणालीमा सूचना प्रविधि मैत्री र आधुनिक विद्युतीय शासनको अभ्यास गरिनेछ । शासनलाइ पारदर्शी जवाफदेही सहभागितामूल र उत्तरदायी वनाइ सुशासन कायम गरिनेछ ।

## विपद् व्यवस्थापन पूर्व तयारी

(च) नगरपालिकामा आइपर्नसक्ने सवै किसिमका प्राकृतिक तथा गैर प्राकृतिक विपद्हरुको व्यवस्थापन गर्न आवश्यक सम्पूर्ण तयारी गर्न बजेट केन्द्रित रहनेछ ।

## विनियोजन विधेयकका प्राथमिकताहरु

**(क) यातायात क्षेत्रको विकासः** नगरपालिकाका सवै वडाहरुलाइ जोडने गरी चक्रपथ निर्माण गर्ने घोषणा भइसकेको सन्दर्भमा यस बजेटले त्यसलाइ मूर्तरुप दिने कामको प्रारम्भ गरिनेछ । स्थानीय सडक, कृषि सडक, ग्रामीण सडक, घोरेटो, पुल, झोलुङगे पुल लगायतका सडक निर्माण एवं मर्मत तथा नगरमा सञ्चालित यातायातलाइ व्यवस्थित वनाइ नागरिकलाइ अधिकारको प्रत्याभूत गरिनेछ ।

**(ख) कृषिको उत्पादन तथा उत्पादकत्व बृद्धि तथा गरिवी न्युनीकरणः**

भू उपयोग नीतिको कार्यन्वयन, कृषिको व्यवसायीकरण आधुनिकीकरण, विविधिकरण, सिंचित भूमिको विस्तार, कृषि प्रविधि, सामाग्रीहरुको आधुनिकीकरण, कृषि वजार व्यवस्थापन, पशु तथा पंक्षी पालनलाइ व्यवसायीकरण गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि आम्दानी तथा आय वृद्धि गरी गरिवी तथा स्वरोजगारमा वढोत्तरी गरिनेछ ।

**(ग) सामाजिक विकासः** शिक्षा, स्वास्थ्य खानेपानी, **सरसफाई** संचार लगायतका सामाजिक पूर्वाधारको विकास, समावेशीकरण, सामाजिक न्याय र समता प्रवर्द्धन गर्न विद्यालय तथा स्वास्थ्यलाइ स्रोतसाधन सम्पन्न बनाइनेछ ।

**(घ) ऊर्जा विकासः** केन्द्रीय प्रसारण लाइन विस्तार तथा लघु जलविद्युतको उत्पादन तथा मर्मत एवं वैकल्पिक उर्जाको प्रवर्द्धन मार्फत नगरमा आवश्यक उर्जाको व्यवस्था गरिनेछ ।

(ङ) **साझेदारी विकासः** सम्रग नगरको विकासमा संघ प्रदेश स्थानीय तह निजि क्षेत्र गैर सरकारी क्षेत्र सामुदायिक संस्था लगायतको योगदान रहेने वातारण सिर्जना गर्न नमूना आयोजनाहरु छनौट गरी संचालन गरिनेछ ।

सम्मानीय अध्यक्ष महोदय,

अन्त्यमा सम्पूर्ण नगरवासी दाजुभाई दिदि बहिनी, राष्ट्रसेवक कर्मचारीहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुका प्रतिनिधहरु लाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।